पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरु ध्वस्त पारे समाज ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – *अभियानवाणी*

अभियान
साप्ताहिक

## सम्पादकीय

# जनताका लागि दलहरू अभिषाप

संविधानसभामा उपस्थित भएका पच्चीस दलहरू मध्येको सबैभन्दा ठूलो दल एकीकृत नेकपा माओवादीले अन्य दलहरूलाई आफ्नो माग राख्न कुनै हालतमा पनि सुहाउने विषय होइन । संसद्मा ठूलो दलभएको नाताले अन्य सबैलाई सहमत गराएर अगाडी बढ्नु पर्ने प्रमुख दायित्व माओवादीको भएपनि आफ्ना पूर्व लडाकूहरू र बन्दूकको दम्भ त्याग्न नसकेर ठूलो दलले सानादलहरू समक्ष माग राख्नु घरको मुलीले परिवारका अन्य सदस्यसँग माग राख्नु सरह हो । घरका मुलीको कर्तव्य हुन्छ, घरका सबै परिवालाई मिलाएर राख्नु यदी त्यो काममा उनी असफल वा असक्षम भएमा उनले घर मुलीको नेतृत्व नै त्याग गर्नु उचित हुन्छ । अहिले माओवादी नेतृत्व पनि त्यस्तै भएको छ । नौ महिनासम्म सत्ताको बाडगोर हातमा लिँदा संसदमा उपस्थित भएका दलहरूलाई त परैजाओस्, उसैको नेतृत्वमा सरकारमा सामेल भएका दलहरूलाई समेत विश्वासमा लिन नसकेको जगजाहेर भएको विषय हो ।

प्रधानमन्त्री माधवकुमार नेपालले राजीनामा दिएपछि मुलुक सरकारविहीन अवस्थमा पुगेको छ । माधवकुमार नेपाल प्रधानमन्त्री भएकै दिनदेखि एकीकृत नेकपा माओवादीले विभिन्न आरोप लगाउँदै उनको राजीनामा माग गरेर सदनदेखि सडकसम्मको आन्दोलन गरेको थियो । अनिश्चितकालीन आमहड्ताल गर्दा पनि सफल हुन नसकेपछि संविधानलाई माओवादीले प्रधानमन्त्रीको राजीनामा माग्ने च्याँखे दाउँमा राख्न पुग्यो । संविधनासभाले तोकिएको समय अर्थात् २०६७ जेठ १४ गतेभित्रमा संविधान बनाउन नसकेपछि त्यसलाई हतियारका रुपमा प्रयोग गरेर संविधानसभाको पदावधि एक वर्षका लागि थप्नका निम्ति प्रधानमन्त्रीको राजीनामा हुनुपर्ने अडानमा माओवादी पुगेपति तीन ठूला दलबीच जेष्ठ १४ गते मध्यरातमा ३ बुँदे सहमति भएनुसार प्रधानमन्त्रीले राजनीनामा दिएका छन् । प्रधानमन्त्रीले राजीनामा दिएको एक घण्टाभित्रमा सबै समस्याहरूको समाधान हुन्छ भन्ने माओवादी नेताहरूको अभिव्यक्ति अहिले झुठो सावित भएको छ । राजीनामा दिएको एकहप्ता बिसिसक्दा पनि तिनै ३ बुँदे सहमतिको एक बुँदामा तीनदल बीच सहमति हुन सकेकोछैन । राष्ट्रिय सहमतिको सरकारको डंक पिट्ने माओवादी नेतृत्वले तीनदल बीच सहमति भएमा त्यसैलाई राष्ट्रिय सहमति भएको अर्थ लगाउने सम्भावना भएको हुनालो संसदमा उपस्थित भएका अन्य दलहरूले अब सोच्नै पर्दछ । राष्ट्रिय सहमतिको सरकार भनेको पच्चीसै दलको सहमतिको सरकार हो ।

संविधानसभाको चुनाव संविधान निर्माण गर्नका लागि भएपनि खासगरेर तीन ठूला दलहरू संविधान निर्माणलाई भन्दा सरकार निर्माणलाई प्राथमिकतामा राखेर अगाडी बढेका हुनाले संविधान निर्मण हुन नसकेको प्रष्ठ भएको छ । जनताले दुई वर्षभित्रमा संविधान निर्माण गरी लागू गर्ने म्याण्डेट संविधानसभाका सदस्यहरूलाई दिएको भएतापनि उनीहरू संविधान निर्माण गर्न असफल र असक्षम भएपछि मध्यरातमा तीन दलको सहमतिमा संविधानसभाको पदावधि थपिनु नै मुलुकको लागि दुर्भाग्य हो । जनताले भोट दिएर आफ्ना प्रतिनिधि चुन्न पाउने अधिकार संविधानसभाले खोसेको छ । अहिलेको संविधानसभाका सदस्यहरू जनताका प्रतिनिधि नभएर पार्टीका टिके प्रतिनिधि भएका छन् । विश्वका सबै प्रजातान्त्रिक मुलुकहरूमा स-साना विवाद उत्पन्न भएपनि त्यसको निराकरण जनमत संग्रह गरेर निर्णय गर्ने परमपरा रहेपनि दलहरूले दलगत स्वार्थकै लागि विश्वव्यापी मान्यतालाई उल्लंघन गरेर सर्वभौमसत्ता सम्पन्न नेपाली जनताको अपमान गरेका छन् ।

पदावधि सकिएको संविधानसभाको पदावधि थप्नुभन्दा ताजा जनादेश लिएको भए, त्यो सम्पूर्ण नेपाली जनताको हितमा हुनसक्थ्यो । तोकिएको समयमा कसका कारण र के कारण संविधान बन्न सकेन भनेर कारणहरू पत्ता लगाई त्यसको छिनोफानो गर्ने अधिकार जनतालाई दिएको भएमा निश्चय पनि त्यो जनताको हितमा हुनसक्थ्यो । तर दल र नेताहरूले पार्टीगत स्वार्थका लागि आ-आफ्ना गल्ती र कमजोरी लुकाउनैको लागि मात्र जनतामा जान तयार भएनन् । त्यो राजनैति बेइमानी हो । पटक-पटक जनतामाथि बेइमानी गर्दै स्वार्थपूर्ति गरिरहेका दलहरूकै कारण आर्थिक वर्ष २०६७/०६८ अब अर्थहिन बन्न पुगेको छ । सरकार बन्ने निश्चित नभएपछि काम चलाउन सकरारले एकतिहाइको काम चलाउ बजेट ल्याएर मुलुकलाई फेरि ५ वर्ष पछाडि धकेल्ने प्रयास गरेको छ । आर्थिक वर्ष २०६७/०६८ मा विकास निर्माणका कुनै कार्यहरू हुनसक्ने अवस्था छैन । अहिले चालु रहेका विकास निर्माणहरू समेत अवरुद्ध हुने भएपनि दलहरू मिल्न नसक्नु भनेको नेपालका राजनैतिक दलहरू नेपाल र नेपाली जनताका लागि गठन भएका नभएर पार्टीगत स्वार्थ पूरा गर्न कै लागि मात्र गठन भएका हुन कि भन्ने हामीले आशंका जाहेर गरेका छौं ।

# पार्टीगत स्वार्थ भन्दा देशलाई हेर

– देवेन्द्र चुडाल –

आपसी द्वन्द्वमा फसेका मुख्य दलहरुले २०६७ साल जेठ १४ गते मध्यरातमा तीन ठूला दलहरू बीच भएको सहमतिअनुसार माधवकुमार नेपालले राजीनामा दिएपछि अब सहमति भएको एक बूँदा कार्यान्वयन हुन बाँकी रहेको छ । नेपाली कांग्रेस र नेकपा एमालेले दुई बूँदा पूरा गरिसककेको अवस्थामा अब बाँकी रहेको बूँदा पूरा गर्ने पालो एकीकृत नेकपा माओवादीमा आएको छ । माधवकुमार नेपालले राजीनामा दिएको यतिका दिन बितिसक्दा पनि खास गरेर तीन ठूला दलहरू बीच सहमति हुन नसक्नुको पीडा मुलुकले भोगिरहेको छ । माधवकुमार नेपाललाई समयमै संविधान निर्माण गर्न नसकेको र रिमोट कन्ट्रोलबाट सञ्चालित भएको आरोप एकीकृत नेकपा मओवादीले लगाउँदै आएको थियो । माधवकुमार नेपालले राजीनामा दिएको एक घण्टामा सबै कुरामा सहमति हुने उद्घोष गर्ने माओवादीका अध्यक्ष पुष्पकमल दाहाललगायतका नेताहरू अहिले एकखाले मौन ब्रतमा बसेका छन् । माधवकुमार नेपालले राजीनामा दिएपछि प्राय: गरेर सबै दलभित्र आपसी द्वन्द बढेको छ । फरक यति छ कि कसैको द्वन्द सडकमै छताछुल्ल भएको छ भने कसैको पार्टीभित्रै छताछुल्ल भएको छ । तीन ठूला दलहरू नेपाली कांग्रेस, नेकपा एमाले र एकीकृत नेकपा माओवादीबीच सहमति भएको खण्डमा संविधान निर्माणमा कुनै बाधा-अड्चन आउन सक्दैन । संविधानसभाले संविधान निर्माण गर्दा भरिसक्य सर्वसम्मतरुपमा गर्ने र सर्वसम्मत हुन नसकेको खण्डमा दुईतिहाइले पारित गराउने प्रावधान राखिएको हुनाले तीन दलहरू मिलेको खण्डमा दुईतिहाईभन्दा बढी मत हुने भएको हुनाले अब यी तीन दलहरू एक ठाउँमा आएको खण्डमा मुलुक फेरि तीन दलको तानाशाही पञ्जामा फस्ने निश्चित देखिएको छ ।

२०६२/०६३ मा भएको आन्दोलन र भारतको राजधानी नयाँदिल्लीमा भएको तत्कालीन सात दल र माओवादीबीचको १२ बूँदे सहमति र त्यही सहमतिको आधारमा भएको वृहत् शान्ति सम्झौताकै कारण मुलुक अहिलेको संकटपूर्ण अवस्थामा पुगेको सत्य वास्तविकतालाई दलहरूले ढिलै भए पनि स्वीकार्नै पर्छ । नेपाली-नेपालीबीच भएको झगडालाई नेपालमै बसेर नेपालीले नै मिलाउनुपर्नेमा विदेशी भूमिमा गएर तिनै विदेशीहरूले दिएको खाकामा उनीहरूकै निर्देशनअनुसार उनीहरूलाई नै साक्षी राखेर हस्ताक्षर गरिएको हुनाले अहिले विदेशीहरूले नेपालमा खेल्ने मौका पाएका हुन् । आफ्नो स्वार्थअनुसार विदेशीले चलखेल गरे त्यसलाई हस्तक्षेप भएको नदेख्ने हाम्रा नेताहरूको प्रवृत्ति नै प्रमुख समस्याको बाधक हो । माधवकुमार नेपालले राजीनामा दिएपछि नेपालमा रहेका कूट्नैतिक क्षेत्रका व्यक्तिहरूको दौडधुप तीव्रगतिमा बढेको छ । प्राय: गरेर प्रत्येक दिन कूट्नैतिक क्षेत्रका व्यक्तिहरूले एक न एक राजनैतिक दलका नेताहरूलाई भेट्घाट गरिरहेका छन् । फलानोको नेतृत्वमा सरकार बनाऊ, फलानोचाहीं हुँदै-हुँदैन भनेर सल्लाह दिन थालेका हुनाले त्यो उनीहरूको नेपाल र नेपाली जनतामाथिको ठाडो हस्तक्षेप हो । तर, त्यति हुँदाहुँदै पनि हाम्रा राजनैतिक दलका नेताहरू उनीहरूका विरुद्ध चुँसम्म बोल्न सकिरहेका छैनन् । यो भारतको राजधानी नयाँदिल्लीमा भएको १२ बूँदे सहमतिको उपज हो । हिजो अप्ठ्यारो पर्दा आफूलाई सघाएका व्यक्तिहरूले दिएको निर्देशनलाई काट्न सक्ने हैसियत हाम्रा नेताहरूमा नभएको हुनाले उनीहरूले हामीमाथि ठाडो हस्तक्षेप गरेका छन् । एकीकृत नेकपा माओवादी संविधानसभामा ठूलो पार्टी भएर आएपछि उसबाट जनताले ठूलो आशा र भरोषा गरेका थिए । तर, ठूलो पार्टी भएको दम्भ, बन्दूक र सेना भएको घमण्डले गर्दा ऊ जनताका समस्याहरू समाधान गर्नेतर्फभन्दा पार्टीगत स्वार्थ पूरा गर्नेतर्फ उन्मुख भएको हुनाले विस्तारै जनताको समर्थनसमेत गुमाउन थालेको छ । माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री भएका बेला जनताले राहतको आशा गरेका थिए, तर जनताको आशा र भरोषामाथि ठाडो प्रहार गर्दै दाहाल नेतृत्वको सरकार आफ्नै कार्यकर्ता र पार्टीको हितमा मात्र सक्रिय भयो । प्रधानमन्त्रीले संसद्को रोष्ट्रममा बोलेका कुराहरू पूरा भएनन् । आफू त्यही संसद्बाट प्रधानमन्त्री नियुक्त हुँदा उपयुक्त हुने, अनि अर्को व्यक्ति नियुक्त हुँदा विदेशीको कठ्पुतली हुने, रिमोटबाट सञ्चालित भएको आरोप स्वीकार्न बाध्य हुने यो कस्तो र कुनखालको राजनैतिक चरित्र हो । जनतालाई एकपटक झुक्याउन सकिन्छ, पटक-पटक होइन । राजनीतिक दलहरूले जनतामाथि राजनैतिक बेइमानी गरिरहेको अवस्थामा फेरि थपिएको एक वर्षभित्रमा सबै नेपाली जनतालाई स्वीकार्य हुने संविधान बन्न सकेन भने दलहरू र तिनका नेताहरूको के हविगत होला ? यसरी आरोप-प्रत्यारोप र गाली-गलौजको राजनीति गर्न छाडेर जनताका पीर-मर्का फुकाउनेतर्फ दलहरू अगाडि बढेको खण्डमा मात्र दलहरूको राजनैतिक भविष्य रहनसक्छ भन्ने हेक्का नेताहरूले राख्ने कि ?

संविधान निर्माण गर्न असफल भएर दलहरूले जनताको नजरबाट गिर्ने डरले २०६७ जेठ १४ गते मध्यरातमा तीनबूँदे सहमति गरे पनि जनतामा अझै विश्वास जाग्न सकेको छैन, अबको एक वर्षभित्र संविधान बन्छ भनेर । दुई वर्षे म्याण्डेट पाएका संविधानसभाका सदस्यहरूले आफ्नो पदावधि समाप्त भएपछि पनि आफैंले आफ्नो पदावधि लम्ब्याएर सार्वभौसत्तासम्पन्न नेपाली जनताको अपमान गरेका छन् । साँच्चिकै भन्ने हो भने संविधानसभामा अहिले जनताका प्रतिनिधि हुँदैनन्-छैनन्, अहिले भएका सभाषद्हरू त दलका टीके प्रतिनिधिमात्र हुन् । टीके प्रतिनिधिहरूले आफ्नो स्वार्थअनुसारको संविधान निर्माण गर्नसक्ने भएका हुनाले त्यसतर्फ सम्पूर्ण नेपाली जनता सजग भएर उनीहरूलाई जनताको संविधान र संविधानका लागि संविधान नभएर समस्या समाधानका लागि संविधान बनाउन दबाब दिनु आजको आवश्यकता हो । संविधानसभामा तीन ठूला दलहरूको व्यवहार हेर्दा यी तीन दलहरू जनताप्रति उत्तरदायी नभएको त २०६७ जेठ १४ गते तीन दलबीच भएको कोठे सहमतिले नै प्रमाणित गरिसकेको छ । संविधानसभामा उपस्थित भएका सबै पच्चीसै दलहरू बीच सहमति गर्नुपर्नेमा ठूलो दल भएको घमण्डले गर्दा तीन दलबीचमा सहमति गरेर अन्य बाईस दललाई बेवास्ता गरिनु भनेको सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको ठाडो अपमान गर्नु होइन र ? के तीन ठूला दललाई मात्र जनताले संविधानसभामा पठाएका हुन् त ? यदि होइन भने पच्चीसै दलबीच किन सहमति भएन ? सहमतिको प्रयासैसम्म गरिएन । तीन ठूला दलले गरेको सहमतिको पालना र समर्थन गर्न अन्य दलहरूलाई किन बाध्य पारियो । यी तमाम प्रश्नहरूको उत्तर तीन ठूला दलका शीर्ष नेताहरूले जनतालाई दिने कि नदिने ?

अहिले राजनैतिक परिदृश्य फेरिएको छ । माधवकुमार नेपालले राजीनामा दिइसकेका छन् । मुलुक सरकारबिहीन अवस्थामा रहेको छ । मुलुक हत्या-हिंसा, लुट्पाट, कुट्पिट, अपहरण र चन्दा आतंकले गर्दा आक्रान्त भएको छ । गाविस सचिवहरूले गाविसमा काम गर्ने वातावरण नभएको भन्दै राजीनामा दिइरहेका छन्, आखिरी यी तमाम कार्यहरू कसरी भए, कसका कारण भए भनेर राजनैतिक दलहरूले कहिल्यै पनि एक-आपसमा छलफल र बहस नै चलाउने प्रयाससम्म गरेनन् । जनतामाथि दलहरूको यो भन्दा ठूलो राजनैतिक बेइमानी अरु के हुनसक्छ ? खास गरेर मुलुकका तीन ठूला दलहरू अहिले पनि सत्ताकै पेरिफेरीमा रमाउन थालेका छन्, यीनै तीन दलहरूको अकर्मण्यता र नालायकीपनले गर्दा मुलुक असफल राष्ट्र बन्नेतर्फ उन्मुख हुन थालेको आभाषहरू पाउन थालिएको अवस्थामा कतै मुलुक असफल राष्ट्र त बन्ने होइन भन्ने आशंकासमेत उब्जिएको छ । मुलुक यस्तो जटिल अवस्थामा पुग्दा पनि दलहरू भने सत्ताकै वरिपरि घुम्नका लागि सत्ता कसले हत्याउने र कसरी लुट्ने भन्ने दाउमा मात्र केन्द्रीत भएका छन् । नत्रभने किन जेठ १४ गते मध्यरातमा भएको सहमतिअनुसार दलहरू अगाडि बढ्न तयार छैनन् ? केवल सभाषद्हरूको जागिर बचाउनैका लागिमात्र त्यो तीनबूँदे सहमति गरिएको थियो त ? माओवादीले आन्दोलन र त्यसपछिका समयमा सर्वसाधारण जनताको सम्पत्ति कब्जामा लिएको छ । ४-५ विघा जग्गा-जमिन हुने व्यक्तिलाई सामन्तीको संज्ञा दिंदै जग्गा-जमिन कब्जा गर्ने अनि आफ्ना पूर्वलडाकूहरूलाई भने बीस विघा जग्गा दिएर घर फर्काउने माग के आफैंमा हाँस्यास्पद र विवादित भएन त ? माओवादीका पूर्वलडाकूहरूको समायोजन र व्यवस्थापन, वाईसीएलको अर्धसैनिक संरचना भङ्ग र कब्जामा लिएको सम्पत्ति फिर्ता गर्दै एकीकृत नेकपा माओवादी अन्य पार्टीसरह नगरिक पार्टी नबनेसम्म मुलुकमा शान्ति बहाली र शान्ति प्रक्रियासमेत सही निष्कर्षमा पुग्नसक्ने कुनै सम्भावना नभएको हुनाले स्वयं एकीकृत नेकपा माओवादी त्यसतर्फ उन्मुख हुनु अहिलेको पहिलो आवश्यकता हो । सरकार निर्माण त सही अर्थमा त्यसबेला सम्भव हुन्छ, जतिबेला सबै दलहरूले सहीरुपमा समस्याको पहिचान गरेर अगाडि बढ्छन्, नत्रभने जो-सुकैको नेतृत्वमा सरकार बने पनि त्यो जनताका लागि भने 'कागलाई बेल पाक्यो हर्ष न विस्मात' जस्तोमात्र हुनेछ ।

# युरोपेली आर्थिक सङ्कटले चिनीया उद्यमीलाई अवसर

आई.पी.एस्./एन्.पी.आई.) – चीनले साङ्घाइमा युनिभर्सल एक्स्पो-२०१० लाई नयाँसार्वजनिक कुटनीतिका रूपमा प्रस्तुत गरिरहँदा मन्दीको चपेटामा परेको युरोपेली अर्थतन्त्रका निम्ति यसले चुम्बकको रूपमा महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने चीनले सायदै कल्पना गरेको थियो ।

युरोपबाट व्यापारिक टोलीहरू विगत दुई महिनादेखि एकपछि अर्को गर्दै साङ्घाइ पुगेर चिनीया लगानीकर्तालाई आ'्नो खस्कदो अर्थतन्त्रलाई उकास्ने ध्येयले लोभ्याइरहेका छन् । बेल्जियमको व्यापारिक प्रतिनिधिमण्डल सबैभन्दा पहिला चीनको भ्रमणमा निस्केको थियो । उनीहरूले आ'्नो सङ्कटापन्न कार निर्माता ओपल आन्टवर्पलाई समावेश गराउन चिनीया कार निर्माता गिलीको विश्वास जित्ने कोसिस गरेका थिए ।

त्यसपछि ग्रीसका अर्थमन्त्री लाउका काट्सेलीले चिनीया प्रदर्शनीको मौका छोपी ग्रीसको ऋणग्रस्त अर्थव्यवस्थालाई उकास्ने अभिप्रायले अर्बौं डलर लगानी गर्नसक्ने भन्दै चिनीया कम्पनीलाई आज्वान गरेका थिए । यसअघि, रोमानियाका व्यापारिक दूतले चिनीया बैंकर र लगानीकर्तासँग विभिन्न आयोजनाका निम्ति चिनीया कम्पनीलाई खुला गरिएको भन्दै चिनीया लगानी बढाउन आग्रह गरेका थिए । यस लगानीबाट रोमानियाका सङ्घर्षरत उद्योगले पुनर्जीवन प्राप्त गर्ने अपेक्षा गरिएको थियो।

"चीनले ग्रीसमा ठूलै लगानी गर्ने इच्छा पहिले देखाएको भए ग्रीकका राजनीतिक नेताहरू र आमजनताले अस्वीकृत गर्ने थिए, उनीहरूले स्तरीयताको प्रसङ्ग उठाएर खारेज गर्ने थिए तर ऋणको सङ्कटका कारण परिस्थिति अहिले बदलिएको छ," बेइजिङ विश्वविद्यालयको राष्ट्रिय विकास स्कुलका अनुसन्धाता लु 'ेङ बताउँछन् । "युरोपेली सङ्कटले चिनीया लगानीकर्ताका निम्ति निश्चितरूपमा अवसर जुटाएको छ ।"

बेइजिङको प्रतिक्रिया चाँडै र दृढरूपमा आएको छ । चीनका उपप्रधानमन्त्री झाङ देजियाङले अघिल्लो महिना एथेन्स भ्रमणका क्रममा अर्बौं डलरका युरोका १४ वटा परियोजना निर्माणका निम्ति हस्ताक्षर गरेका थिए । युरोपमा चीनको सबैभन्दा ठूलो यस लगानी प्याकेज अन्तर्गत महत्वपूर्ण दूरसञ्चार, रियलस्टेट र सिपिङ संस्थामा उल्लेखनीय साझेदारी लगानी रहेका छन् ।

क्रेडिट रेटिङ एजेन्सीले ग्रीकका बन्डको हालत निक्कै तल रहेको अवस्थामा चीनका त'बाट आक्रामक लगानीको प्रस्ताव आएको छ । तथापि, वाणिज्यमन्त्री चेन देमिङले बेइजिङले ग्रीसमा लगानी बढाउन चिनीया कम्पनीलाई प्रोत्साहित गरिने बताए ।

चीनको शक्तिशाली सिपिङ समूह कोस्कोले ग्रीककै सबैभन्दा ठूलो पिरास बन्दरगाहमा नयाँ कन्टेनर टर्मिनल निर्माण गर्नेत' अघि बढ्ने वचनबद्धता व्यक्त गरेको छ । त्यस कम्पनीले चिनीया सामाग्रीको युरोपेली बजारमा सहज पहुँचका निम्ति पिरासलाई क्षेत्रीय केन्द्रविन्दु बनाउने अभिप्राय राखेको छ ।

"यो हाम्रात'बाट रणनीतिक लगानी हो र ऋणको सङ्कटले योजना निर्माणमा असर पार्ने छैन," कोस्कोका अध्यक्ष वाई जियाउ'ले एक्काइसौं शताब्दी बिजनेस हेराल्ड समाचारपत्रलाई बताए । युरोपेली सङ्कटका कारण संरक्षणवादी भावना युरोपका केही मुलुकमा देखापर्दछ भन्ने अनुमान यसपटक सही सावित हुन सकेन । युरोपेली युनियनको सदस्य राष्ट्रको रूपमा चिनीया रकम आ'्नो मुलुक भित्र्याउने चाहना राख्ने ग्रीस मात्र एक्लो राष्ट्र होइन । आयरल्याण्डका व्यापारिक समुदायले मध्य आयरल्याण्डको एथ्लोनमा ५ करोड युरोको चिनीया उत्पादन केन्द्रका निम्ति लगानी भित्र्याउन स्वीकृतिको प्रक्रियामा रहेको बताइएको छ ।

एथ्लोन परियोजनामा चिनीया लगानीकर्ताका निम्ति धेरैवटा आकर्षक प्रस्ताव गरिएको छ । युरोक्षेत्रभित्रको यस उत्पादन केन्द्रले चिनीया आयातित सामाग्रीका निम्ति युरोपेली युनियनका त'बाट लगाइदै आएका धेरै किसिमका कर र कोटा छुट प्राप्त गर्नेछ । साथै, विकसित संरचनागत सञ्जाल स्थापित हुने र न्यून कर्पोरेट करका दरहरू यहाँ कायम हुनेछन् ।

ऋणको सङ्कटले युरोको मूल्य घटेको छ र यसले युरोक्षेत्रमा भएको निर्यात समेत महंगो भएको छ । यस्तो अवस्थामा लगानीकर्ताका निम्ति केही लाभ प्राप्त हुनेछ । "युरोको गिरावटले युरोपमा व्यापारिक सञ्चालनको लागतमा कमी ल्याएको छ र चिनीया व्यापारिक वर्गका निम्ति चीनमा लगानी बढाउनु बढी आकर्षक भएको छ," साङ्घाइ विश्वविद्यालयका प्रो'सर झाऊ जिझोङले बताए ।

सङ्कट आउनुअघि चीनले युरोपेली मुलुकहरूमा केहीमात्र लगानी गरेको थियो । "चिनीयाहरू यहाँको व्यापारिक वातावरणबाट तर्सेका थिए, उनीहरू विभिन्न किसिमका नियामक प्रक्रियासँग त्यति अभ्यस्त पनि थिएनन्," ब्रसेल्सस्थित समकालीन चीन अध्ययन इन्स्टिच्यूटका बरिष्ट अनुसन्धाता डन्कन फ्रिम्यानले बताउँछन् । "विगतमा फ्रान्सेली टम्सन इलेक्ट्रोनिक्स 'र्मको टिसिएल लिएको चीनसँग सो कम्पनी टाटपल्टेको तितो अनुभव छ ।"

निजी चिनीया व्यापार युरोपेली बजारमा प्रवेश गर्दा लजालु प्रवृत्तिको थियो र उनीहरू ठूला आर्थिक संस्थाको आडभरोसामा प्रवेश गर्न रुचाउँथे । ज्याम्बर्गसँगको साङ्घाइ आर्थिक साझेदारी केही ठूलो परिमाणमा युरोपमा चिनीया लगानीका केही स'ल दृष्टान्त हुन् । युरोपमा चिनीया कम्पनीको सम्मिलन विश्वव्यापीरूपमा चिनीया लगानीको वृद्धिसँगै यसको अनुपातमा प्रगति भइरहेको छ । सन् २०१० मा विदेशी कम्पनीमा चिनीया लगानी स्रोतसाधनका क्षेत्रमा ठूला खरिदारीमा'त् ३५ अर्ब डलरभन्दा माथि पुग्ने अनुमान गरिएको छ ।

मार्चमा १३ वर्ष पुरानो चिनीया कार निर्माता गिलीले 'ोर्डको सङ्कटग्रस्त भोल्भो उत्पादन युनिटलाई झण्डै १ अर्ब ८० करोड डलर बुझाएको थियो । चिनीया कम्पनीले विदेशी कार निर्माताका निम्ति गरेको यो सबैभन्दा ठूलो लगानी थियो र यसबापत् चीनले पहिलोपटक प्रमुख आरामदायी कारको ब्रान्ड हासिल गरेको थियो ।

भोल्भोको मातृभूमि स्वीडेनमा भने सञ्चार माध्यमले युरोपेली मुलुकको पहिचानको रूपमा रहेका यस्ता क्षेत्रमा चिनीया हस्तक्षेप बढेको टिप्पणी गरेका छन् । तथापि, यस टिप्पणीले बेल्जियममा ओपल आन्टवर्पलाई बचाउन चिनीया लगानी भित्र्याउने अभियानलाई रोक्न भने सकेन ।

चिनीया टिप्पणीकर्ताले निरासाजनक अवस्थामा पुगेको युरोपेली बजारमा स्थिर मुद्रा प्रवाहलाई सकारात्मक रूपमा लिएका छन् । उनीहरूको विचारमा चीनले युरोपलाई मद्दत गरेर जिम्मेवार विश्वव्यापी खेलाडीको रूपमा आ'लाई प्रस्तुत गरेको छ । चीनले युरोपेली सामाग्रीको उपभोगलाई बढावा दिएर थप मद्दत गरेको छ ।

युरोक्षेत्रमा देखिएको गिरावटले चीनमा युरोपेली सामाग्री सस्तिएको छ, र युरोपबाट चीनत'को निकासी बढेको छ । २०१० को पहिलो चौमासिकमा युरोपबाट चीनत'को निकासी ४७.३ प्रतिशतले वृद्धि भएको छ, र विगतमा चीनबाट युरोपमा हुने गरेको बढ्दो निकासीमा यसपटक ठ्याक्कै उल्टो कार्य भएको छ ।

"युरोपमा सङ्कटको पटाक्षेप भएपछि हामी त्यतिकै बसेका छैनौं," लु 'ेङ बताउँछन् । "हामीले अझ बढी कार जर्मनीबाट खरिद गरेका छौं र युरोपका अन्य मुलुकबाट बढी सामान झिकाएका छौं । हामीले युरोपका निम्ति जरुरी देखिएको माग सिर्जना गरेका छौं ।"

## पक्राउ पर्ने त्रासमा मलेसियामा आश्रित शरणार्थी

क्वालालम्पुर (आई.पी.एस्./एन्.पी.आई.) – ब्रिकी'ल्ड्सको अस्थायी छाप्रोमा २७ वर्षीय राजु चिया बनाएर बेच्छन् । राजधानीको अति उपेक्षित यो स्थानमा श्रीलङ्काबाट आएका सयौं तामिल आप्रवासीले अड्डा जमाएका छन् । उनको अनुहारमा कुनै किसिमको पिरलो र कुनै कुराको रहर छैन उनी युद्धले थलिएको श्रीलङ्काको आ'्नो गाउँमा 'र्कने सपना देखिरहेका छन् । उनको गाउँ लिबरेसन टाइगर्स अ' तालिम इलम (एलटिटिई) द्वारा सरकारका विरुद्ध सञ्चालित दशकौं लामो रक्तपातपूर्ण सशस्त्र युद्धबाट ध्वस्त पारिएको थियो । उनीहरू मुलुकको उत्तर-पूर्वी तटीय क्षेत्रमा रहेका सबैभन्दा ठूलो अल्पसंख्यक जाति हुन् । एलटिटिईलाई अन्ततः मे २००९ मा श्रीलङ्काली सेनाले पराजित गरेको थियो । युद्ध समाप्त भए पनि राजु आ'्नो मुलुक 'र्कन तर्सिरहेका छन् । "मेरो गाउँ समाप्त भइसकेको छ र मेरा नातेदार पनि मरिसकेका वा शिविरमा रहेका छन्," उनी भन्छन्, "युद्धको चरम अवस्थामा मैले श्रीमती र छोरालाई काकाको जिम्मा लगाएर दक्षिणी भारतत' समुद्रीमार्ग हुँदै भागेको थिएँ र त्यहाँबाट मलेसिया आइपुगें ।" मलेसियामा हाल बसोबास गर्दै आएका करिब १००,००० शरणार्थीमध्येका राजु एक हुन् तर उनीहरू पिपल्स भोलेन्टियर कर्प्स (रेला) नामको अर्धसैनिक समूहद्वारा पक्राउ हुने भयबाट ग्रस्त छन् । रेलालाई शरणार्थी र कागजात नहुने आप्रवासी कामदारलाई पक्राउ गर्ने अधिकार दिइएको छ र उनीहरूले ती पक्राउ परेका व्यक्तिलाई कारागारमा पठाउने वा सम्बन्धित मुलुकत' 'र्काउने गर्दछन् ।

रेलाका सदस्यले पक्राउ गर्ने कुराबाट त्रसित बनेर आ'्नो वास्तविक नाम भन्न अस्वीकार गर्ने राजुले आ'सँग शरणार्थी सम्बन्धी राष्ट्रसङ्घीय उच्चायुक्त (युएनएचसिआर) बाट परिचयपत्र पाएको बताउँछन् । "तर, यहाँका अधिकारीहरूले शरणार्थीलाई सम्मान गरिरहेका छैनन्," उनले आईपीएसलाई बताए । युएनएचसिआरको परिचयपत्रले उनीजस्ता शरणार्थीलाई आश्रित मुलुकभित्र घुम्'रिको स्वतन्त्रताजस्ता आधारभूत अधिकार प्राप्त गराउँछ । युद्ध समाप्त भए पनि राजुजस्ता पूर्व श्रीलङ्काली शरणार्थीलाई उनीहरूका मुलुकमा पुनर्वास गराउनु ठूलै कुरा हो, विपक्षी सांसद् एवम् मानवअधिकारकर्मी कुलसेगरान मुरुगेसन बताउँछन् ।

## आत्महत्याको डरलाग्दो रिपोर्ट

काठमाडौं / नेपाल प्रहरीले पत्रकार सम्मेलन गरेर भनेको छ, नेपालमा प्रत्येक २ घण्टामा एक जनाले आत्महत्या गर्छन् । पत्रकारले सोधे किन गर्छन्, आत्महत्या ? प्रहरी प्रवक्ता विज्ञानराज शर्माको जवाफ थियो, निराशा, बेरोजगारी र यातना प्रमख कारण हो । उनको थप भनाई थियो, आत्महत्याका ज्यादा वारदात ग्रामिण क्षेत्रमा घटेका छन् । आत्महत्या गर्नेहरूमा २५-४० वर्षका पुरुष छन् । यसरी आत्महत्याका घटना बढ्न थालेकाले प्रहरीले 'पीडित सहयोग इकाई' गठन गरेर सरल न्यायको व्यवस्थापन गरेको छ । नेपाल प्रहरीको यो तथ्याङ हेर्दा सामान्य भए पनि कहालीलाग्दो छ । समाजशास्त्रीहरू भन्छन्– राजनीतिक अस्थिरता, बढ्दो आतंक र रोजगारीको सिर्जना हुन नसक्दा जीवनदेखि निरास भएर युवाहरू आत्महत्या गरिरहेका छन् । आत्महत्याको यो डरलाग्दो क्रमलाई रोक्न पनि राजनीतिक सहमति, विधिको शासन र जनताप्रति जिम्मेवार पद्धति स्थापित हुनैपर्छ । तर राजनीतिक नेताहरू अपराधीका प्रणेता बनेका छन् र असहमतिको राजनीति गरेर अराजकता फैलाइरहेको छन् ।

आत्महत्या गर्ने यो युवा वर्गलाई अपराधिक समुहले आत्मघाती दस्ता बनायो भने नेपालको स्थिति कस्तो होला ? एक सुरक्षाविद्ले भने, आज जनता आशावादी छन्, र चुप छन् । आत्महत्या गर्ने निरास भएर मरिरहेका छन् । जब राजनीतिबाट, नेताबाट आमजनतामा पनि निरासा फैलिन्छ र द्वन्द्वको डँढेलो लाग्छ, त्यो स्थितिको कल्पनाले पनि मुटु काप्छ । राजनीतिका खेलाडीहरूले छिटो समाजमा फैलदो निरासा र आत्महत्यालाई रोकेर आशा र भरोसा जगाउनु पर्छ । ***सरला के.सी. प्रशिक्षार्थी***

## अनुशासनहिनताको शिकार माधव नेपाल

काठमाडौं / आफ्नै पार्टीका वरिष्ठ नेताको नेतृत्वमा रहेको सरकारको आलोचना गर्दै आएका नेकपा एमालेका अध्यक्ष झलनाथ खनाल अहिले आफै प्रधानमन्त्री बन्नको लागि दौडधूप गरी रहेको देख्दा लाग्छ '....ने लाई भन्दा देख्नेलाई लाज ।' त्यसैको परिणाम स्वरुप हो आफैले गत चैतमा बनाएको वार्ता टोलीका संयोजक के पी ओलीलाई वार्ता टोली कोसंयोजक पदबाट हटाएर आफैं संयोजक बन्नु । अनेक बहाना बाजी गरेर ओलीलाई हटाइएता पनि भित्री उद्देश्य भनेको आफै प्रधानमन्त्री बन्न खोज्नु एक मात्र उद्देश्य हो ।

नेकपा एमालेका अध्यक्ष रहेका खनाल पहिलोदेखि नै एकीकृत नेकपा माओवादी निकट नेताका रुपमा चिनीन्छन् । आफ्नै पार्टीका वरिष्ठ नेताको नेतृत्वमा सरकार हरेका बेला अध्यक्ष खनालले सरकारलाई सहयोग गर्नुको सट्टा सरकारको उछितो काडेका थिए । माधवकुमार नेपालले राजीनामा दिनु अघिनै खनालले सरकारले राजनैतिक हैसियत गुमाइसकेको र अब माकुने सरकारलाई नेकपा एमालेको सहयोग र समर्थन नरहेन बताउँदै हिंडेका थिए । आफ्नै पार्टीका वरिष्ठ नेताको नेतृत्वको सरकार अपदस्त गर्न प्रयासरत खनाल पक्षिय सभाषद्हरूको आनैतिक कृयाकलापकै करण तीनदल बीच सहमति नै नभई माधवकुमार नेपाल राजनीमा दिन बाध्य भएका थिए ।

माधवकुमार नेपाल असफल हुनु भनेको सिङ्गो पार्टी असफल हुने हो त्यही असफल पार्टीका अध्यक्ष अहिले लाजघिनै नमानी प्रधानमन्त्री दौडमा दौडनु प्रजातान्त्रिक अन्यासलाई र राजनैतिक पद्दतीलाई उपहास गर्नु सिवाय अन्य केही हुन सक्दैन । खनाल अध्यक्ष भएपछि नेकपा एमाले अनुशासन विहिन पार्टी बनेको छ । संसदीय दलमा समेत अनुशासनले सीमा नाघेको छ । पार्टीका उपाध्यक्ष वामदेव गौतम जसरी भएपनि माधवकुमार नेपाल नेतृत्वको सरकार पतन गराएर एकीकृत नेकपा माओवादीको नेतृत्वमा सरकार बनाउन माधवकुमार नेपाल प्रधानमन्त्री भएकै दिन देखि सक्रिय भएका थिए । वामदेव गौतम माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री भएका बेलाका गृहमन्त्री हुन, मन्त्री गौतमको पालमा गृहमन्त्रालय भ्रष्टाचारले डुङडुङ गनाएको थियो । केही भ्रष्ट व्यक्तिहरूको इसारमा स्वयम अध्यक्ष खनाल फेरि प्रधानमन्त्रीभएको खण्डमा नेपाली जनाले के आशा गर्ने ? जस्तो सुकै अनुशासनहिन काम गरेपनि नेकपा एमालेभित्र कारबाही नहुने भएपछि नेताहरू नै अनुशासन तोड्न उद्धत रहेको एक नेताले दुखेसो पोखेका छन् । त्यही अनुसाशनहिनताका शिकार माधवकुमार नेपाल भएको र अनुशासन हिनताका गुरु स्वयं अध्यक्ष खनाल रहेको एमाले सुत्रको दावी रहेको छ ।

# Are Indian Muslims really terrorists?

**By Afshain Afzal**

It made headlines of all the Indian newspapers; four Muslim terrorists linked with Lashkar-e-Tayyiaba who had planned to launch a terrorist attack on the Indian Military Academy (IMA), Dehradun were arrested. In commentaries, the Indian media published and telecast criticism about the Muslim. There is no doubt that fake encounter, extra judicial killings and branding of being terrorist have become fate for the Muslims living in India. But there are exceptions too; all those who bow before the tune of Indian masters and are ready to sacrifice their religion, culture, traditions and ethics are exempted. Coming back to the topic, the special cell of Delhi Police received a lot of appreciations for averting a major terrorist attack on Indian Armed forces. It was claimed by Police that they arrested four terrorists after a fierce encounters. There was no delay by higher authorities to award Police personnel involved in operation with appreciation letters and awards. The arrests also led to dozens of other arrests, supposedly liked with tiers in Lashkar-e-Tayyiaba hierarchy. After five years, all four terrorists were acquitted and release by the Indian Court after declaring them innocent.

As per the details, special cell Delhi Police averted a major terrorist attack on India, when they arrested four terrorists. The terrorist had planned to launch a terrorist attack on the Indian Military Academy, Dehradun. The terrorist included Maulana Dilawar Khan of Imdad-ul-Uloom Madrassa in northeast Delhi's Welcome area and Imam Masood Ahmed, an Imam at the Baghwali Masjid in the same area were arrested by Delhi Police Special Cell's office at Lodhi Colony in March 2005. The Police branded them as terrorists belonging to Lashkar-e-Tayyiaba and registered case against them for plotting a suicide attack on the Indian Military Academy in Dehradun. They were subjected to inhuman treatment and torture for five years in jail when filially Patiala House Court judgement of January 8, 2010 set them free for want of evidence. The court also passed critical remarks about the Delhi Special Cell for its lapses in investigation and for misusing its powers.

It is interesting to note that Maulana Dilawar and Imam Masood Ahmed were arrested solely on the basis of a statement by Hamid Hussain, who was under cover Indian Intelligence agent working for several agencies at the same time. Hamid Hussain was liked with Lashkar-e-Tayyiaba by the Police and as planned, he claimed that that a consignment of explosives is held with Maulana Dilawar, which will be used by Pakistani terrorists. Police paraded Maulana Dilawar and Imam Masood Ahmed before Hamid Hussain who identified both as Lashkar-e-Tayyiaba terrorists. Police was quick enough to put recovery of a grenade and a Chinese pistol with 24 bullets from them. Although the Indian court has acquitted Maulana Dilawar and Imam Masood Ahmed but special cell of Delhi Police is likely to take revenge of insult and would try to arrest them in some other case. Both the Muslims religious leaders are claiming that Police are again harassing them and they fear that Indian Police would never leave them alone and only their death can solve their problem.

Another, so called, terrorist was Haroon Rashid, hailing from Bihar, who was a mechanical engineer at Hindustan Aeronautics Limited (HAL). He left his job in December 2004 and went to Singapore to undergo a 22-month preparatory course. On May 16th, 2005, when he returned from Singapore to India, he was arrested by Delhi Police from the Indira Gandhi International Airport, New Delhi on the charges of financing a conspiracy to carry out a suicide attack on the Indian Military Academy, Dehradun. The basis on Haroon's arrest was that had twice remitted a total of Rs 49,000 from Singapore through Western Union Money Transfer on January 10 and 15, 2005, to his brother Mohammad Younis, who had subsequently delivered it to Shams, one of the three persons killed in an encounter in an apartment in Uttam Nagar in March 2005. Police was also able to establish Haroon's links with Pakistan. Later, it was proved that since Haroon belonged to a very poor family so he had to take Rupees 1 lakh loan from his uncle to go to Singapore. On reaching there, when he found out that he would not require such a large amount, he returned Rupees 49,000 back to his brother as an installment of the loan. It took five years for the court to decide his case. The court established that Delhi Police Inspector Kailash had lied about evidences against Haroon and that he was innocent. He was therefore acquitted by the court by January 2010 order.

The forth so called Lashkar-e-Tayyiaba terrorist was Muhammad Iftikhar Ahsan Malik, who was also arrested on the charges plotting to carry out a suicide attack on the Indian Military Academy. Iftikhar was a second year student of Biotechnology at Dehradun's Dolphin Institute of Biomedical & Natural Sciences. He was arrested by Special Cell of Delhi Police from his house on March 7, 2005. Police claimed at a news conference, that they have recovered a diary containing inflammatory passages from the Quran, a note that spoke of avenging the 2002 Gujarat riots and a invitation pass to an Indian Military Academy parade. Police claimed that Iftikhar was in touch with Shams who killed in an encounter and believed to be a Pakistani terrorist. Police claimed that Shams motivated him to attend Students Islamic Movement of India (SIMI) meetings in his native Bihar and that his education was sponsored by Lashkar-e-Tayyiaba. Ironically, Iftikhar arrest came on the suspicion by Police that it was Iftikhar who was referred in Shams' diary as "Shahid." Later, Iftikhar confessed before the court that he had been forced by the Special Cell to write out the note about avenging Gujarat. However, he admitted that he had written passages from the Al Qura'an. The fact was also established before the court that Iftikhar had never visited Dehradun and had no link with anyone killed in the March 2005 Uttam Nagar encounter. Therefore the court acquitted him from the charges and criticized the Police for their irresponsible behaviour.

Today all the four so called terrorist are free men and can lead a normal life as an patriotic Indian citizen but who can assure them that Police officers like Ramesh Lamba, Ran Singh, Kailash Sanjay Dutt, Badrish Dutt, Ramesh Sharma, Kailash Singhal Bisht and many other would not be there to ruin their lives. The Indian court has acquitted them but stigma of terrorist would always be with their names and names of their family members. One wonders that why Indian judiciary acquitted Maulana Dilawar, Imam Masood Ahmed, Haroon Rashid, Muhammad Iftikhar Ahsan Malik and many others? Indian Police and Intelligence agencies have again started knocking their doors. This game of suspicion and mistrust will continue till the time they don't die or killed in some fake encounter. Some of their friend and family members who deserted after their arrest are keeping safe distance as anything may happen again. India authorities need to seriously ponder that either Indian judiciary should join hands with India Police or the Police and other agencies need to change their mentality

# सचिवहरूको सामूहिक राजीनामा

काठमाडौं / पूर्वी पहाड दक्षिणी मधेश र पश्चिम म्याग्दी गुल्मीका गाविस सचविहरूले सामूहकि राजीनमा दिने लर्को राजधानीसँगै जोडिएको धादिङ, काभ्रे र सिन्धुपाल्चोक सम्म आइसक्यो । स्थानीय विकास मन्त्रालय स्रोतका अनुसार देशभरिका गाविस सचिवहरू कुन बेला मारिने हुन भन्ने मानिसक आतंकमा छन् । मर्नुभन्दा राजीजनमा जाति भन्दै राजीनामा दिनेहरूको संख्या २ हजार नाधिसकेको छ । स्थानीय विकास मन्त्रालयमा गाविस सचिवहरूको सरुवाको माग पत्रको चाप बढ्दै गएको छ ।

चन्दा चाहियो चन्दा नदिए अपहरण गर्ने र मारिदिने अपराध बढ्दै गएको छ । कतै किराँत, कतै अन्य जातीय मोर्चाको नाममा पत्र पठाएर गाविस सचिवहरूलाई आतंकित पारिएको छ । पहिले माओवादीले फैलाएको आतंक अहिले जातीय मूक्ति मोर्चाहरूले गरेका छन् । सबैसँग हतियार छ, सचिवहरूले के गर्ने ?

सचिवहरूले गाविस साचिव हकहित संरक्षण मञ्च गठन गरेका छन् । यो मञ्चका अध्यक्ष चुडाबहादुर भन्छन्– 'जातीय मोर्चाहरूले सचिवहरूलाई राजीनमा दिन आदेश दिएका छन् । मरिने त्रासले गाविस सचिवहरू आतंकित छन् । तिनको सुरक्षा गर्न सरकार सक्षम छैन । विज्ञहरू भन्छन्, गाविसहरूमा सरकारको प्रतिनिधि पात्रलाई हैरान दिएर एक छत्र राज गर्न चाहने यस्ता जातीय समूहरूको भित्री उदेश्य हुनसक्छ । प्रत्यक्ष रुपमा माओवादीको अनुहार नदेखिए पनि भित्री रुपमा माओवादीको संलग्नतामा गाविसहरूलाई प्रतिनिधिविहीन अवस्थामा पुऱ्याउन खोजिएको छ ।

# नेपालको कानूनी इतिहासमा मधेशीको योगदान

*- रोशनकुमार झा*

हाम्रो देशमा कानुन व्यवसाय अब बाल्यकालमा छैन, यौवन अवस्थामा आइपुगेको छ । २०१३ साल पैष ६ गते विधिवत रुपमा गठन भएको नेपाल बार एसोसिएसनको ५० वर्ष भन्दा बढी लामो इतिहासले मधेशी कानुन व्यवसायीको झझल्को गउँछ । त्यतिखेरका मधेशी कानुन व्यवसायीले नेपाललाई ठूलो उपलब्धी मिलेको थियो । तर, पनि ती मधेशी समुदायका कानुन व्यवसायीहरू अन्तोतगत्वा पहाडी मूलका कानुन व्यवसायीद्वारा ठूलो तिरस्कार खेप्नु परेको थियो । भनिन्छ कानुन व्यवसायीहरूको कुनै जात हुँदैन, कुनै धर्म हुँदैन उनीहरू निरपेक्ष हुन्छन् अरे ! उनीहरू पक्षको तर्कबाट अदालतमा बहस पैरवीगर्ने पेसेवर मात्र नभएर अदालतको स्वतन्त्रता, निष्पक्षता र मानवअधिकारको लागि निरन्तर लड्ने, न्यायको निम्ति बलिदानी दिने र आत्मविश्वास उच्च राख्न सहयोग पुऱ्याउन अभियन्ता हुन्छन् रे ! फेरी किन गरियो विभेद र किन हुन्छ शोषण बारम्बार मधेशीमाथि ? के मधेशी भएर जन्मनु भुल हो मधेशीको ? हो यी र यस्ता प्रश्नको उत्तर विगतको कालखण्डले देखाउँछ । नेपालको प्रथम लाइसेन्स नं.१(प्र प्र स १) अधिवक्ता स्व. देवनाथ प्रसाद बर्मा हुन् । कौशल्यावति र द्वारिकाप्रसाद बर्माका छोरा देवनाथ प्रसाद बर्माको जन्म १९६० साल कार्तिक १९ गते रौतहट जिल्लाको ब्रह्मपुरीमा भएको थियो । पटना विश्वविद्यालयबाट कानुनमा स्नातक उतीर्ण गरेपछि उनले करिब ४ वर्ष त्यहीको उच्च अदालतमा वकालत गरे । पछि वि.सं. १९८९ सालतिर आफ्नै देश नेपाल फर्की जेठ १० गते सदर अमिनिको अप्रिन्टिस पदबाट सरकारी सेवा सुरु गरी यिनी पछि तत्कालीन सदर देवानी, सदर मारदारी, नयाँ मुलुक( बाँके, बर्दिया, कञ्चनपुर, कैलाली, दाङ) अपील अड्डा र तत्काली प्रधान न्यायालयमा समेत कार्यरत रहे । यिनी विधान सभाका न्यायिक समितिको सदस्य र लोकसेवा आयोगको सदस्य समेत बनेका थिए । २०१२ सालदेखि उनी पुन: कानुन व्यवसायमै लागे फलस्वरुप सर्वोच्च अदालतबाट २०१३ साल कार्तिक १२ गते उनले वरिष्ठ अधिवक्ता लाइसेन्स नं. १ अर्थात प्र.प्र.स. १ को उपाधि हासिल गर्न सफल भएका थिए । उनलाई त्यतिखेर सम्मान स्वरुप त्यो उपाधि दिइएको थिएन बल्कि त्यतिखेर उनी कानुनमा एक्लै स्नातक गरेकोले उपाधि पाउनबाट कसैले रोक्न सकेनन् । वरिष्ठ अधिवक्ता बर्माले सन् १९६१ मा जापानको टोकियो र १९६३ मा ग्रिसको एथेन्समा भएको वर्ड पिस थ्रु ल कन्फेरेन्स एवं भारतको नयाँ दिल्लीमा आयोजना गरिएको कमन वेल्थ लवर्स कन्फरेन्समा नेपाल बार एसोसिएसनको प्रनितिधित्व गरेका थिए । उनले "कानुनौधौला" उपनाममा कानुन सम्बन्धी लेख पनि लेखेका थिए । संस्थापनमा अग्रणी भूमिका मात्र निर्वाह गरेनन् कार्यसमितिको संस्थापक सभापतिको ऐतिहासिक नेतृत्वसमेत बहन गरे । महात्मा गान्धीका "सदा जीवन र उच्च विचार"बाट प्रभावित बर्मा सबैसँग सरल, शिष्ट र सालीन ढंगले प्रस्तुत हुन्थे । उनले अहिलेको आधुनिक कानुन व्यवसायी जस्तो कानुन व्यवसायलाई व्यापारको रुपमा कहिल्यै लिएनन् र सेवाको दृष्टिले सँधै साधनारत रहे । उच्च नैतिकता, व्यवसायिक आचरण, समयको सुनिश्चितता र आत्मियता उनका मुख्य विशेषता थिए । नेपालको कानुन व्यवसायको इतिहास खोतल्दा चाहेर वा नचाहेर मधेशी कानुन व्यवसायीको नाम लिनैपर्ने हुन्छ । आ-आफ्नो घर कोठामा चल्ने लेखनदासी वृतिले वि.सं. २००८ सालदेखि क्रमश: नयाँ रुप लिन थाल्यो । नेपालको प्रथम अधिवक्ता देवनाथ प्रसाद बर्माको सक्रियतामा वकिलहरू समूहगत हुन थाले र अधिवचनालयको नाम दिएर वकिलहरूले भाडामा कोठा लिए जो आज ठूलो स्वरुप लिएको छ र "नेपाल बार एसोसिएसन" को नामले सर्वत्र चीनिन थालेको छ । सर्वप्रथम काठमाडौंको मखनमा वि.सं. २००८ सालमा अधिवाचनालय खोलियो र मखन अधिवाचनालयको सभापति देवनाथ प्रसाद बर्मा हुनुभयो भने उपसभापतिमा हेरम्वप्रसाद उपाध्याय, सचिव नारायण प्रसाद श्रेष्ठ र कोषाध्यक्ष रत्ननारायण प्रधान र सदस्यहरूमा सबै मधेशी भए ती हुन् इश्वरलाल झा, मुक्तिलाल झा, बलभद्र मिश्र र दुर्गाप्रसाल झा । उहाँ सबै सदस्यहरू क्भलष्यचष्तथ को हिसावमा माथि उल्लिखित सभापति बाहेकका पदाधिकारी भन्दा उच्च थिए तर उहाँ मधेशी भएकै कारण उहाँहरू सदस्यमै सीमित हुनुभयो ।

अर्को मधेशीलाई काँडाझैं विडम्ने कुरा के हो भने २०१३ सालमा सम्पूर्ण अधिवाचनालयका कानुन व्यवसायीहरू सूर्य विनायकमा बनभोज जाने निश्चय गरे । र यो बनभोज आयोजनाको जिम्मेवारी कालिका झा लिनु भएको थियो । तर संयोगले अधिवाचनालयका तत्कालीन सभापति देवनाथ प्रसाद बर्मा अनुपस्थित हुनुभयो र त्यही बनभोजको भेलाले सभापतिबाट स्व. बर्माजीलाई हटाएर पूर्णनारायण प्रधानलाई तोक्यो । यस घटनापछि बर्माजी आक्रोशित हुनुभयो । आक्रोशित हुनु स्वभाविक थियो किनभने उहाँलाई गैरकानुनी तवर र सूचनाको हक प्रदान नगरी हटाइएको थियो । त्यसपछि उहाँ अधिवाचनालय परिसर भित्र पाइला हाल्न छोड्नुभयो । फेरी पछि कानुन व्यवसायीहरूको विशेष अनुरोधमा उहाँ फेरी आफ्नो कामलाई निरन्तरता दिन थाल्नुभएको थियो बर्माजीलाई हटाउनुको मुख्य कारण एउटा मात्र थियो होला भन्ने कुरा सहजै अनुमान लगाउन सकिन्छ र त्यो हो उहाँ केवल मधेशी भएको कारण । उहाँलाई अधिवाचनालय अर्थात् अहिलेको नेपाल बार एसोसिएसनको सभापति पदबाट हटाइएको ठीक १५ वर्षपछि अर्थात २०३० सालमा उहाँको निधन भएको थियो । उहाँको निधनले सम्पूर्ण कानुनी जगतलाई स्तब्ध बनाएको थियो । हाल उहाँको स्मरणमा काठमाडौं स्कूल अफ लले ठूलो पुस्तकालयको निर्माण गरेको छ । तर अपसोचको कुरा वि.सं. २०३० सालमा उहाँको देहान्त उप्रान्त पनि यस्तो विभेदकारी नीति र साम्प्रदायिक सोंचले निरन्तरता पाइ नै रह्यो । उहाँकै छोरा कृष्णकुमार बर्मासँग फेरी यस्तै घटना दोहोरिएको थियो । कृष्णकुमार बर्मा तत्कालीन सयमका सर्वोच्च अदालतको न्यायधिश हुनुहुन्थ्यो तर उहाँलाई पनि विभिन्न जालझेल गरी अपदस्थ गरियो । लगत्तै लगभग ५ महिनापछि रविन्सन काण्डमा अर्थात चरेस सम्बन्धी त्यसको मुद्दामा विदेशी अभियुक्तलाई धरौटीमा छोडेको र सो छोडे वापत घुस खाएको भनि झुठा प्रचारबाजी गरी अहिले उपराष्ट्रपति बनेका तत्कालीन सर्वोच्च अदालतका अस्थायी न्यायधिश परमानन्द झालाई घटुवा गरी विराटनगर जिल्ला अदालतमा सरुवा गरियो र विराटनगरमा पनि फेरी उहाँले यस्तै तिरस्कार बेहोर्नुपरेको थियो । त्यहाँ एमाले र माओवादी गुटका अभिवक्ता टिकाराम भट्टराई र खिमलाल देवकोटा लगायतकाले उहाँको बेन्च बहिष्कार गर्न थाल्यो । बेन्च बहिष्कार मात्र गरेन उहाँलाई असक्षम र चरेसानन्द जस्ता व्यक्तिगत मर्यादामा समेत आँच आउने गरी गालीगलौज गरियो । त्यतिमात्र होइन तत्कालीन न्यायधिश परमानन्द झालाई घटुवा गर्न पूर्व राजविराज जिल्ला अदालतका न्यायधिश विजयकुमार कर्णलाई समेत ११ हजार घुस खाएको आरोपमा अपदस्थ गरिएको इतिहास हामीसँग छ । त्यस्तै अहिले तमलोपा संस्थापक समूहका एक नेता बलिराम सिंह पनि घुस खाएकै आरोपमा सर्वोच्च अदालतबाट अपदस्थ भइसकेको इतिहास हामीसँग छ । के साँच्चै नै यो देशमा र विशेष गरी न्याय प्रशासनको क्षेत्रमा सबै गल्ती काम मधेशी न्यायकर्मी र कानुनकर्मीले नै गरेका हुन् त ? पक्कै पनि होइन पहाडियाले गरेको गल्ती लुकाइन्छ भने मधेशीले गरे नगरेको गल्तीलाई बढाईचढाई तिलको तार बनाउने संस्कृति हावी भएको छ । जुन आफैमा घोर निन्दनीय छ ।

**त्यस बेलाको व्यवसाय र हिन्दीमा बहस**

२०६५ साल साउन ८ गते गणतन्त्र नेपालको प्रथम उपराष्ट्रपति परमानन्द झाले हिन्दीमा लिएको सपथ सर्वोच्च अदालतले खारेज गरेको थियो तर मलाई लाग्छ सर्वोच्च अदालतले यो निर्णय सुनाउनु पूर्व आफ्ना पुराना लिखित इतिहास र दस्तावेजहरूको अध्ययन गर्नुपर्थ्यो । यसो गर्दा सर्वोच्च अदालतको मान मर्यादा निष्ठा र गरिमा सँधै उचच रहन्थ्यो । कुनै समय यस्तो जुन बेला सर्वोच्च अदालतको इजलासमा हिन्दीमा बहस हुन्थ्यो । सायद यो कुरा सर्वोच्च अदालतले कहिल्यै भुल्नु हुन्न र हुल्छ भने पनि केही छैन हामी जस्ता कानुनका विद्यार्थी त्यसलाई उल्लंघन गर्न सँधै तत्पर रहनेछ ।

वि.सं. २०१३/८/३ भारत पटनाबाट आउनु भएका गुलाब बाबु(राधाकृष्ण विहारी) कानुनमा स्नातक भएकोले उहाँको विशेष खाल थियो । उहाँ अदालतमा बहस गर्ने वलिकहरूमा अग्रपंक्तिमा हुनुहुन्थ्यो । प्रधानन्यायालयमा मात्र बहस गर्ने गुलाव बाबु नेपाली भाषा जान्नु हुन्थ्यो । त्यसैले उहाँ प्रधानन्यायालय (सर्वोच्च अदालत) को इजलासमै हिन्दीमा बहस गर्नुहुन्थ्यो । आज हिन्दी भाषाप्रति आक्रोश पोख्ने सर्वोच्च अदालतका न्यायाधिशहरू, कानुन व्यवसायीहरू खिमलाल देवकोटा, भिमार्जुन आचार्य र विश्वकान्त मैनाली जस्ता हिन्दी विरोधी अधिवक्ताहरूको लागि यो राम्रो उदाहरण हुन सक्दछ ।

पटक-पटक मधेशी मूलका कानुन व्यवसायी र न्यायकर्मी माथि राष्ट्रियताको गम्भीर प्रश्न चिन्ह खडा भएको पाइन्छ । उहाँहरूको पटक-पटक राष्ट्रियताको खोजी भएको हामीसँग लिखित इतिहास छ । तर नेपालको प्रथम प्रधानन्यायधिश हरिप्रसाद प्रधान जो भारतीय हुनुहुन्थ्यो उहाँ उपर कहिल्यै राष्ट्रियताको प्रश्न खडा भएन कारण एक मात्र थियो उनी नेपालीमाथि भारतीय थिए ।

नेपालको प्रधानन्यायधिश हुनुपूर्व उहाँ भारत दार्जिलिङको कानुन व्यवसायी हुनुहुन्थ्यो । पछि वीपी कोइराला गृह मन्त्री भएपछि न्याय र कानुन व्यवसाय सुदृद्धिकरण गर्ने सुधार गर्ने निहुँमा हरिप्रसाद प्रधान लगायतका नेपालीमाथि भारतीयलाई अघोषित रुपमा नेपाल प्रवेश गर्न दिइएको थियो । यो मधेशी, मैथिली भोजपुरी र अवधि भाषिक नेपालीलाई विस्थापित गर्ने सरल षडयन्त्र थियो भन्ने कुरा बुझ्न सकिन्छ । यो एउटा राष्ट्रघातको चरम विन्दु थियो । तर पनि शासन र सत्ता दुवै सम्हालेका नेपाली भाषि पहाडी विरुद्ध मैथिली, भोजपुरी, अवधि, हिन्दी भाषिक नेपाली उठ्न सकेनन् । र सायद यसकै प्रतिफल हो अहिलेको मधेश विद्रोह ।

अहिले पनि राज्यसँग धैरै सम्भावनाहरू छन् जसले मधेशको विद्रोहलाई साम्य पार्न सक्छ तर, अब भने राज्यले यसलाई दबाउने प्रयत्न कहिल्यै गर्नुहुन्न तर सायद यसो भयो भने अब मधेशी जनता हातमा दहि जमाएर बस्नेवाला छैनन् । उनीहरू आफ्नो अधिकार, सम्मान र पहिचान प्रति सचेत एवं जागरुक भइसकेका छन् । अर्को धैरै वर्ष पछिको नेपाल बार एसोसिएसनको इतिहासमा फेरी दुई मधेशी मूलका कानुन व्यवसायी सुरेन्द्र महतो र विजयप्रसाद क्रमश: उपाध्यक्ष र सदस्य पदमा निर्वाचित हुनु भएको छ । उहाँहरूको कार्यकालको सफलताको कामना । (मधेश दपर्ण फिचर सेवा)

# घर जग्गा धमाधम लिलाम

काठमाडौं / बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएर घर जग्गाको कारोबार गर्ने डुब्न थालेका छन् । नेपाल राष्ट्रबैंकले घरजग्गालाई निरुसाहित गर्न बैंक नियम कडा गरेपछि बैंकहरूले लगानी नगर्ने र लगानी गरेको सावाँ-व्याज उठाउन ताकेता गरेपछि घर जग्गा बेच्ने हतारो गरेपनि बिक्रीमा मन्दी आएको छ र ऋण तिर्न नसक्नेहरूको घरजग्गा धमाधम लिलाम हुन थालेका छन् । खासगरेर बैंकबाट ऋण लिएर प्लटिङ गर्नेहरूलाई बैंकले असुलीमा कडाइ गरेको छ । जसका कारण ऋणीहरू भाग्न थालेका छन् । बैंकले नियमअनुसार घरजग्गा लिलाम गरेर असुली गर्ने नीति कार्यान्वयन गर्न थालेका छन् । राष्ट्रबैंकले कर्जाको सीमा तोकेका कारण पनि बैंकहरू सीमा कायम गरेर कालोसूचीबाट बच्न पनि घरजग्गाको लगानी उठतीमा सक्रिय भइरहेका छन् । एक रिपोर्टअनुसार वाणिज्य बैंकहरूको घरजग्गामा लगानी ८५ अर्ब ५९ करोड छ । सहकारीको लगानी कति छ ? राष्ट्रबैंले अनुमानै गर्न सकेको छैन । व्यापक लगानी भएको घरजग्गा कारोबार यतिबेला बढ्नुको बदला ठप्प छ । घरजग्गा कारोबारले नेपालको अर्थतन्त्र धरासायी हुन लागकोमा बचाउन प्रयत्न भइरहेको छ ।

# दश करोड घाटा पूर्ति गर्न सात करोड नाफा

काठमाडौं / नेपाल आयल निगमले महिनाको १० करोड घाटा हुनथालेपछि पेट्रोल, डिजेल र मट्टितेलमा भाउ बृद्धि गरेर महिनाको ७ करोड मुनाफा गर्ने निर्णय गरेको छ । यस निर्णसँगै निगमलाई पेट्रोलमा साँढे ५ रुपैयाँ, मट्टितेलमा साँढे आठ रुपैयाँ मुनाफा हुन थालेको छ । तर, निगमले एलपी ग्याँसको मूल्य बढाएको छैन ।

डिजलको भाउ बृद्धिले ढुवानी भाडा बढ्ने भएकाले दैनिक उपयोग्य वस्तुको भाउ बृद्धि हुन थालेको छ । पेट्रोलको मूल्य वृद्धिले मध्यम वर्गले चढ्ने मोटरसाइकल मारपरेको छ भने मट्टितेल गरिब जनताले बाल्ने टुक्कीमा परेको छ । बजेट अगाडि नै मनपरी हिसाबले पेट्रोलियम पदार्थमा गरिएको मूल्यबृद्धि भारतमा बढेकाले बढाउनु परेको तर्क आयल निगमको छ । निगमकै कर्मचारी भन्छन्, ग्याँसमा भाउ बढाउँदा सहर आन्दोलित हुन्छ भनेर नबढाइएको हो । प्रति सिलिण्डर १ सय ३० घाटा खाएर सिलिन्डर दिइरहेको छ । मूल्य बृद्धि गर्नकै लागि तेल आपूर्तिमा कमी गर्दा राजधानीमा हाहाकार शुरु भइसकेको थियो । मूल्य बृद्धिपछि आपूर्ति सामान्य भएको छ । यो मूल्यबृद्धिमा निगम र पम्पवालाहरूको मिलेमतोमा ३ अर्व घोटाला भएको एक पम्पवालाले बताएका छन् । आयल निगम र पम्पवालाहरूबीच मित्र साँठगाँठका कारण मूल्य हेरफेर हुँदा उनीहरूलाई आफैंमा चिट्ठा पर्ने गर्दछ ।

# जसोदाको दु:खद् निधन



काठमाडौं / पूर्वराजा ज्ञानेन्द्र शाहले पिपुल्स रिभ्युका प्रधान सम्पादक पुष्प प्रधानलाई पत्नी प्रबन्ध सम्पादक जसोदा प्रधानको हृदयघातबाट ५० वर्षको उमेरमा निधन भएकोमा हार्दिक समवेदना प्रकट गर्नुभएको छ । विगत दुई दशकभन्दा बढी समय पत्रकारितामा संलग्न रहेकी जसोदा प्रधानले संरचना साप्ताहिकका साथै स्वतन्त्र पत्रकारिता गरेकी थिइन् भने हाल पिपुल्स रिभ्युमा प्रबन्ध सम्पादक रही कार्य गर्दै थिइँन् । राष्ट्रिय पत्रकार महासंघमा वरिष्ठ उपाध्यक्ष रही कार्य गरेकी प्रधानले गोरखा दक्षिण बाहु चौथो पदक पाएकी थिइँन् । पत्रकारिता एवं सामाजिक क्षेत्रमा सक्रिय जसोदा प्रधानका पति, एक छोरा र एक छोरी छन् । स्व.जसोदा प्रधानको दु:खद् निधनमा अभियान साप्ताहिक परिवार हार्दिक समवेदनासहित श्रद्धाञ्जलि व्यक्त गर्दछ ।



## पूर्वराजाको...

पूर्वराजालाई ७ घण्टाभन्दा बढी समय जनताका सामु रहनु परेको थियो । पूर्वराजाको जन्मोत्सवमा शुभकामना दिन जाने जनता स्वतःस्फूर्त रुपमा निर्मल निवास पुगेका थिए । कतिपय टीभीले लाइभ र कतिपय टीभीले विशेष प्रशारण गरेका थिए भने विदेशी नागरिकहरूले पनि फूलका गुच्छा र शुभकामना दिन पुगेका थिए ।

## प्रधानमन्त्री ?...

अवस्था छैन । ठूला तीन दल जुँगाको लडाई गर्दैछन् ।

यही मौकाको फाइदा उठाएर एमालेका झलनाथ खनाल सहमतिको प्रधानमन्त्री हुन दौडेका छन् । उनले वार्ता समितिको नेतृत्व केपी ओलीबाट आफैंले लिएका छन् । प्रचण्डले कि म कि तपाई भनेर झलनाथलाई उचालिरहेका छन् ।

यसैबीच एमालेका केही नेताले तीन ठूला दलका शिर्ष नेताबीच बाँकी १० महिनाका लागि पालैपालो प्रधानमन्त्री बन्ने र चैतमा संविधान जारी गर्ने प्रस्ताव राखेका छन् । तीनै दलले प्रस्ताव विचारणीय भनेका छन् । तैपनि प्रश्न बाँकी छ पहिलो र अन्तिम प्रधानिमन्त्री हुने को ?

## तीन...

मधेशवादी शक्तिलाई उपेक्षा गरेर राष्ट्रिय सहमति हुन नसक्ने, त्यसले देशलाई कुनै ठोस निर्णय दिन नसक्ने र शान्ति प्रक्रियालाई सही रुपमा निष्कर्षमा पुऱ्याउन नसक्ने निर्णय समेत लिएका छन् । त्यसैगरी अब मुलुकमा तीन शक्तिको नभई मधेशवादी दलहरूको अनिवार्य सहभागिता, चारै शक्तिको सहमतिमा मात्र राष्ट्रिय सहमतिको सरकार बनाउनु पर्ने अडान लिएका छन् । माधवकुमार नेपालले राजीनामा दिइसकेको अवस्थामा मुलुक अहिले सरकार विहिन अवस्थामा पुगेको र एक हप्ता बितिसक्दा सहमतिका लागि आवश्यक सरकारात्मक दिशातर्फ अगाडी बढ्न नसकेको अवस्थाले मधेशवासी दलहरूलाई चिन्तित र दुःखी बनाएको तिन मधेशवादी दलहरूले बताएका छन् ।

राष्ट्रिय सहमतिको प्रकृया अवरुद्धहरूमा एकीकृत नेकपा माओवादी दोषी भएको मधेशवादी दलहरूको ठहर रहेको छ । माओवादीले उनीहरूका पूर्व लडाकूहरूको समायोजन, व्यवस्थापन र वाईसीएलको अर्धसैनिक संरचना भङ्ग र सम्पत्ति कब्जा फिर्तालगायतका विषयमा बारम्बार प्रतिबद्धता जनाएपनि कार्यान्वयन पक्षमा माओवादी इनमादार नभएको प्रष्ट परेका छन् । मधेशवादी अर्को दल मधेशी जनअधिकार फोरम नेपाल (उपेन्द्रयादव) पक्ष भने तीन मधेशवादी दलको बैठकमा उपस्थिति भएको थिएन । यसरी अहिले मधेशवादी दलहरू पनि वाडीएका हुनाले तीन ठूला दलहरू मधेशवादी दलहरूको भनाई सुन्नसक्छन भने आशंका जनताले गरेका छन् । संविधानसभामा हाल मधेशवादी दलहरूको उपस्थिति यस्तो रहेको छ फोम लोकतान्त्रिक २७ फोरम नेपालका २५, तमलोपाका २० र सद्भावनाका ९ सभाषद् रहेका छन् ।

## माओवादीको...

छन् । माधवकुमार नेपालले राजीनामा दिएको एक घण्ट भित्रमा सबै समस्याको समाधान निस्कन्छ भन्ने माओवादी नेताहरूको भनाई पहिलानै सार्वजनिक भएपनि अहिले सम्म समस्याको समाधान गर्न स्वयं माओवादी अग्रहसर नहुनु भनेको मुलुकलाई सरकार विहिन अवस्थामा राख्न खोज्नु मात्र हो ।

नौ महिना सम्म सत्ताको नेतृत्व गर्दा माओवादी नेतृत्वको सरकारले पूर्व लडाकूहरूको समायोजन र व्यवस्थापनका बारेमा एक कदम पाइला पनि अगाडि बढाएन उल्टो उनीहरूको तलब भत्ता वृद्धि गरेर गरिब नेपाली जनताले तिरको करमाथि लुटमात्र गऱ्यो, अहिले आएर फेरी माओवादी नेतृत्व उद्घोष गर्दै छ । अनमिनले प्रमाणित गरेको सबै लडाकूहरू सुरक्षा निकायमा जान योग्य भएका हुन् । यसरी सारा विश्व र नेपाली जनतालाई झुक्याउन खप्पीस माओवादी नेतृत्वले भनिदिनु पऱ्यो अनिमिनले पूर्व लडाकूहरूलाई सुरक्षा निकायमा जान योग्य भएको प्रमाण पत्र दिएको छ कि उनीहरू माओवादीका पूर्व लडाकूहरूमात्र हुन भनी प्रमाणित गरिदिएको छ । यसरी अनेक बहाना बनाउँदै तिनै लडाकूहरू र बन्दुको दम्भ देखाउँदै अगामी चुनावसम्म पूर्व लडाकूहरूको समायोजन गर्न माओवादी तयार नभएको हुनाले माओवादीले कुनै हालतमा पनि सरकारको नेतृत्व लिन नसक्ने राजनैतिक विश्लेषकहरूले चर्चा गरेको छन् ।

## नयाँ...

बनाउँछु भन्ने राजनीतिक दलहरू दिल्लीका हनुमान भएकाछन् । कांग्रेस एमाले दिल्लीबाट थिचिएका थिए, भारतलाई पहिलो नम्बरको दुश्मन ठान्ने र स्वाधिनताको भाषण गरेर जनतालाई उफार्ने प्रचण्ड समेत दिल्लीको घोडा बन्न तयार भएको दृश्यले माओवादी कुन श्रेणीको नेपालवादी पार्टी रहेछ ? प्रश्न माओवादीभित्रकै राष्ट्रवादीहरूले उठाउन थालेको छन् ।

सुन्दरमणी दीक्षितले मंगलबार भनेका थिए, माओवादीले शान्ति र संविधान सम्भव गराउने हो भने सत्ताको लागि मारिहत्ते गर्नु हुन्न । ठूलो पार्टीको ठूलो जिम्मेवारी पनि हुन्छ । तर प्रचण्डले एकातिर भाकपा माओवादीको जनयुद्ध र नरसंहारलाई एक्यबद्धता जनाएर समर्थन गर्ने र अर्कोतिर सोनिया गान्धिको फरिया समातेर नेपालको प्रधानमन्त्री हुन खोज्ने ? यो कस्तो खालको प्रचण्ड पथ हो ? माओवादीले नै बुझ्न छाडेका छन् ।

## एमआरपीमा...

कम बोलकबोल गर्ने फ्रान्सेली कम्पनीले नेपालको आर्थिक नियमानुसार एमआरपी छपाइको जिम्मेवारी पाएको हो ।

टेण्डरका दिनसम्म पनि भारतीय दूतावासले एमआरपी पर्सनालाइजेसन, छपाईका आवश्यक उपकरण र तालीममा थप अरबौं खर्च हुने र भारतलाई नै दिदां नेपाललाई बढी फाइदा हुने प्रचार गरिरहेको थियो । तर फ्रान्सेली कम्पनी ओबरथरले उपकरण तालिम र अन्य सपोर्ट समेत यही मूल्यमा गरि दिने भएको छ । टेण्डर प्रतिस्पर्धा गर्ने वेलायत, इण्डोनेसिया र सिंगापुरको धेरै नै महंगो पर्ने थिए । फ्रान्सको कम्पनीले नेपालका सुरक्षा सम्बन्धी अन्य सर्तहरू समेत स्वीकार गरेकाले नेपालको सुरक्षा चुहिने कुनै खतरा छैन, परराष्ट्र स्रोतले जानकारी दिएको छ । भारतलाई एमआरपी छपाईको काम दिएको भए कमिशन सुजातालाई आएपनि नेपालको सुरक्षामा खतरा पर्नेथियो भनी जानकारहरू भन्छन् ।

समानता, स्वतन्त्रता र न्यायको लागि आफ्नो अधिकारप्रति सजग र सचेत होऔं

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

## पाँच दिनभित्र...

...तर होइन यदी 'र' का एजेण्टहरू र राकेश सूदको टोली सल्बलाउन थाले भने चैं तुरुन्तै नयाँ सरकार पनि बनि हाल्छ । त्यो फेरि पक्का छ । अमरेशकुमार सिंह मार्काहरू र राकेश सूदहरू लागेपछि हाम्रो नेपालमा जे पनि हुन्छ र जे पनि गर्न सकिन्छ । एकथरि तर्कवाजहरूका अनुसार एनेकपा माओवादीले आफ्ना लडाकूहरूको समायोजनको खाका कांग्रेस, एमाले र आफू पनि सम्मिलित कार्यदलमा पेश गर्ने प्रस्ताव राखेपछि भारतीय माओवादीहरूको हिंसात्मक गतिविधिहरूलाई समर्थन गर्दागर्दैपनि एनेकपा माओवादीले नयाँ सरकारको नेतृत्व पाउन थाल्नु (?) एकातिर आश्चर्यजनक छ भने अर्कातिर रहस्यात्मक पनि छ । ती तर्कवाजका अनुसार लडाकू समायोजन गर्ने कुरामा उदासिन रहँदै आएको एनेकपा माओवादीले अहिले सत्ताको नेतृत्व प्राप्तिकै लागि मात्र नभई भारतीय विस्तारवादको 'प्रेसर' मा पनि लडाकु समायोजनको दिशामा एक पाइला कदम चाल्न थालेको हो । तर होइन, अर्काथरि यस्ता पनि बुझकहरू छन्, जो एकनेपा माओवादीको यो 'चाल' बाँकी दुई दललाई (र भारतीय विस्तारवदालाई पनि) झुक्याउने र त्यसैमा अलमल्याइदिएर सरकारको नेतृत्व चैं आफैंले लिइहाल्ने रणनीति मात्र हो भनेर बताइरहेका छन् । हुन पनि, लडाकू र वाईसीएलले मात्र 'बाँचिरहेको' एनेकपा माओवादी लडाकू पनि र वाईसीएल पनि 'सिद्धिएपछि' दाह्रा र नङ्ग्रा फुस्किएको बाघभन्दा अरु कुनै अर्थमा भिन्न हुनेछैन । त्यसलाई राम्ररी बुझेका प्रचण्ड एण्ड कम्पनीले आफ्ना यी दुई भातृ निकायहरूलाई किन पो छोड्थे र ? त, एनेकपा माओवादीले पेस गर्ने लडाकू समायोजनको खाका वास्तवमा केही हुँदै होइन, त्यो त 'सहमतीय सरकार' का लागि कथित ठूला दुई दल र बाँकी रहलपहलका दलहरूलाई झुक्याएर आफ्नो नेतृत्वमा सरकार बनाउने खेल मात्र हो । फेरि माओवादीले पेस गर्ने कथित खाका सबैलाई र नेपाली सेनालाई पनि मान्य हुन्छ भन्ने के ग्यारेण्टी छ र ? त, यसरी लटपटाएर एनेकपा माओवादी सरकारको नेतृत्व फुत्काउन उद्दत छ । यदी यो 'चाल' सफल भयो भने बुझे हुन्छ, कि भारतीय विस्तारवादको सहयोग र समर्थन गोप्य रुपमा एकनेपा माओवादीलाई नै थियो र रैछ भनेर । बिना आर्शिवाद (भारतीय विस्तारवादको) 'पात' पनि नहल्लिने देशमा सरकारको नेतृत्व हत्याउनु चानचुने कुरो कहाँ हो र ? त, आउँदो पाँच दिन यी कथित् ठूला तीन दलका लागि भारी छ । किनभने झुक्याउने र लटपटाउने (एक आपसमा) बाहेक भारतीय विस्तारवादको समर्थन लिन दौडादौड भएको देखिने छ, यस बीचमा । यो 'दौड' मा को अगाडी हुने हो ? त्यो हेर्नु छ । तर, फेरि पनि प्रष्टहोस् कि, भारतीय विस्तारवादले हस्तक्षेप नगरिकन् यहाँ नयाँ सरकार बन्नेवाला छैन । छलफल, बैठक, वार्ता एकातिर, भारतीय विस्तारवादको फरमान अर्कातिर । कसो ?

## मातृका...

र केही कर्मचारीहरूले त्यसको विरोध गरेपछि उनी आचार्यमाथि त्यसैवेला पनि नाङ्गो रुपमा खनिएका थिए । अहिले व्यापकरुपमा वन फँडानी रहेको र कसका कारण वन फँडानी भयो भनेर अनुगमन गर्न गएको संसदीय टोलीहरूले समेत वन फँडानीमा राजनैतिक दलहरूसमेत समलग्न भएको प्रतिवेदन सार्वजनिक गरेपछि माओवादी अध्यक्ष



मातृका यादव अझ उग्रभएर वनका कर्मचारीहरूलाई कालोमोसो लगाउन निर्देशन दिंदै हिंड्नुले वन फँडानीमा मातृका यादवको पार्टीसमेत समलंग्न भएको प्रमाणीत भएको छ ।

स्मरणरहोस् निज यादव स्थानीय विकासमन्त्री भएका बेलास्थानीय विकास अधिकारी (एलडीओ)लाई ट्वाइलेटमा थुनेर चर्चामा आएका थिए, यसरी एउटा जिम्मेवार राजनैतिक दलका नेता र पूर्वमन्त्रीसमेत भइसकेका व्यक्तिले राष्ट्र सेवकहरूमाथि गर्ने गरेका यस्ता दुर्व्यवहार तुरुन्तै नरोकिए सम्पूर्ण कर्मचारी तन्त्रमा निराशा छाउने र त्यसले मुलुकमै ठूलो दुरदशा निम्त्याउन सक्ने भएको हुनाले अविलम्ब त्यस्ता अपराधीहरूलाई



पक्राउ गरेर कानूनको कठघरामा उभ्याउनु सरकारको दायित्व एवं कर्तव्य समेत हो भन्ने चर्चा चल्न थालेको छ । आफूले माग गरेको विषय पुरा नभएको खण्डमा कर्मचारीमाथि दुर्व्यवहार गरिनु कहाँको राजनैतिक इमानदारिता हो ।

SINCE 1890 San Miguel BEER

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन नम्बर : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९ मुद्रण : इमेज अफसेट प्रेस, ललितपुर